आज मिति २०८२ साल असोज ०९ गते विहिबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को सातौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत -

श्री विन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. NTC को टावर सम्बन्धमा ।
३. पोल बत्ति सम्बन्धमा ।
४. विद्यालय भवन सम्बन्धमा ।
५. गहुँको बीउ खरिद प्रकृया सम्बन्धमा ।
६. छानविन समिति गठन सम्बन्धमा ।
७. वारुणयन्त्र कर्मचारी तलब सम्बन्धमा ।
८. क्यानसर पिडित सम्बन्धमा ।
९. औषधी खरिद सम्बन्धमा ।
१०. वडा नं. ३ को कृषि बजार पूर्वाधार तथा निरन्तरता योजनाको Block-B को plan संशोधन सम्बन्धमा ।
११. गुठि दर्ता सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।
१२. बाटो मर्मत सम्बन्धमा ।
१३. बेरुजू सम्बन्धमा ।
१४. थप तलब भत्ता सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०५/१८ गते भएको छैटौं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.३ को पशु सेवा कार्यालयको दक्षिण-पश्चिममा रहेको सरकारी जग्गामा NTC को टावर नि:शुल्क रुपमा स्थापनाको लागि नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय विराटनगर, कोशी प्रदेशलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गतका मुख्य र सहायक बाटोहरुमा रहेका विद्युत पोलहरुमा पोल बत्ति जडान तथा मर्मत गर्ने प्रयोजनको लागि माग संकलन गरी प्राविधिक कर्मचारीबाट लागत अनुमान तयार गर्ने

र सोको आधारमा सम्बन्धित वडा कार्यालयले आफ्नो वडा भित्रमा आवश्यक पोल बत्ति जडान गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ मा सञ्चालनमा रहेको श्री सरस्वती माध्यमिक विद्यालयलाई आर्थिक वर्ष २०८२/०८३ संघिय सरकार समपुरक अनुदानबाट ८ कोठे विद्यालय भवन निर्माणको लागि योजना प्राप्त भएको हुँदा उक्त विद्यालय भवन तहाँ रहेको पुरानो जिर्ण अवस्थामा रहेका विद्यालय भवन हटाउनु पर्ने भएकोले सो पुरानो जिर्ण भवनको प्राविधिक मुल्यांकन गरी लिलाम विक्री गर्न विद्यालयको माग निवेदनको आधारमा विद्यालयलाई अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । साथै देवानगञ्ज गाउँपालिका वडा नं.१ मा सञ्चालनमा रहेको श्री शारदा आधारभूत विद्यालयलाई आर्थिक वर्ष २०८२/०८३ प्रदेश सरकार समपुरक अनुदानबाट ८ कोठे विद्यालय भवन निर्माणको लागि योजना प्राप्त भएको हुँदा उक्त विद्यालय भवन तहाँ रहेको पुरानो जिर्ण अवस्थामा रहेका विद्यालय भवन हटाउनु पर्ने भएकोले सो पुरानो जिर्ण भवनको प्राविधिक मुल्यांकन गरी लिलाम विक्री गर्न विद्यालयको माग निवेदनको आधारमा विद्यालयलाई अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कृषि विभाग, हरिहरभवन, ललितपुरको मिति २०८२/०५/१२ गतेको गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन तथा उन्नत बीउ विजन प्रयोगमा प्रोत्साहन अनुदान कार्यक्रमका लागि अनलाईन आवेदन, आपूर्ति तथा माग विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना अनुसार उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति गर्नुपर्ने सर्वसम्मत निर्णय गरियो । साथै देवानगञ्ज गाउँपालिकाको मिति २०८२/०६/०५ गतेको टिप्पणी आदेश बमोजिम गहुँको बिउ माग संकलन गर्ने सम्बन्धी सूचना खोल्ने निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका अन्तर्गतको कृषि विकास शाखाबाट कृषकहरुलाई गत आ.व.मा वितरण गरिएको कृषि उन्नत बिउहरुबाट उत्पादन भएको अवस्थाको छानविन तथा तथ्यांक संकलन गर्न तपसिल अनुसारको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) संयोजक - सम्बन्धित वडाका वडा अध्यक्ष
२) सदस्य - कृषि विज्ञ (कृषि ज्ञान केन्द्र, इनरुवाबाट माग गर्ने)
३) सदस्य सचिव - कृषि विकास शाखा प्रमख

७. प्रस्ताव न. ७ माथि छलफल गर्दा दवानगञ्ज, हारनगर र बजु गाउपालिकाका सयुक्त साझेदारीमा सञ्चालित वारुणयन्त्रमा कार्यरत कर्मचारीहरुको तलब, भत्ताको लागि हरिनगर र बुर्ज गाउँपालिकासंग रकम माग गरी २०८२ श्रावण, भाद्र र चाड पर्व खर्च सहितको रकम निकाशा गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा संघिय सरकारबाट प्राप्त भएको रकम क्यनसर पिडित, प्यारालाइसिस र दिर्घ रोग अपग भएको हुँदा आ.व. २०८२/०८३ मा संघिय सरकारको स्वीकृत बजेट क्यनसर पिडित, प्यारालाइसिस र दिर्घ रोग शिर्षकबाट क्यनसर पिडित, प्यारालाइसिस र दिर्घ रोग पिडितहरुलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव न. ९ माथि छलफल गर्दा माथि छलफल गर्दा यस देवानगञ्ज गाउपालिकाको आ.व. २०८२/०८३ मा स्वास्थ्य शाखामा आवश्यक पर्ने औषधी जम्मा बजेट रु.२५,९२,०००/- (अक्षरेपी पच्चिस लाख बयानब्बे हजार) बाट भुक्तानी हुने गरी टेन्डर प्रकृयाबाट खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस देवानगञ्ज गा.पा. वडा नं.३ को कृषि बजार पूर्वाधार तथा निरन्तरता योजनाको Block-B को plan मा Grid, 4-4 हटाईको साथै Grid 3-4 र Grid 2-3 को बीचमा पर्ने सटरहरु S1 लाई हटाई Grid 3-4 मा 5 Inch Brick Wall र Grid 2-3 मा 10 Inch Brick Wall र Grid 2-2 मा 5 Inch को Wall हटाई 10 Inch को Brick Wall र ३.५ X ७ को ढोका निर्माण गरी Grid 1-4 भित्र पर्ने Step & platform हटाईएको भनी सर्वसम्मत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको सर्वजनिक शैक्षिक गुठि दर्ता सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.१ वि.पि. चोक देखि उत्तरको कल्भर्ट नजिकको बाटोमा माटो, ग्राभेल तथा ह्युम पाइप जडान गर्ने कार्य आवश्यक भएको हुँदा इष्टिमेट अनुसार कार्य सम्पन्न गरी प्राविधिक मुल्याङ्कन

अनुसार कार्यालय सञ्चालन कोषको मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा महालेखा परिक्षकको कार्यालयले औल्याएको बेरुजू रकम सम्बन्धित व्यक्ती/फर्म/संस्थासँग असुल गर्ने गरी आन्तरिक राजस्व खातामा दाखिला गर्ने सर्वसम्मत निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय विनानै थप तलब भत्ता कार्यरत शिक्षक कर्मचारीहरुलाई उपलब्ध गराएको विषयलाई मध्यनजर गरी निर्णय बेगर थप तलब भत्ता निकाशा नगर्न व्यहोरा विद्यालयलाई परिपत्र गर्ने सर्वसम्मत निर्णय गरियो ।